कटारी नगरपालिका
Katari Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal
EST. 2071

पत्र संख्या (Ref. No):- २०८२/८३
चलानी नं. (Dispatch No.) : ३५.04

मिति (Date): २०८२/०९/१४

## "निजी क्षेत्रका विभिन्न कम्पनी,फर्म, कलकारखाना तथा उद्योगहरुमा रोजगारीको अवसरका लागि सूचना"

कटारी नगरपालिकाको सहकार्य तथा समन्वयमा संयुक्त राष्ट्रसंघीय जनसङ्ख्या कोष (UNFPA) को आर्थिक तथा प्रविधिक सहयोगमा महिला पुनर्स्थापना केन्द्र (ओरेक), नेपालद्वारा संचालित "लैङ्गिक हिंसा प्रतिकार्य तथा रोजगारी विचको सुदृढीकरण परियोजना" लैङ्गिक हिंसाबाट प्रभावित तथा सीमान्तकृत महिलाहरुलाई सुरक्षित वातावरणमा सम्मानजनक रोजगारी प्राप्त गर्न सहयोग पुऱ्याउँदै उनीहरुको दिगो आर्थिक सशक्तीकरण प्रवर्द्धन गर्ने उद्देश्यका साथ कटारी नगरपालिकामा बसोबास गर्ने हिंसा प्रभावित विपन्न तथा सीमान्तकृत महिलाहरु तथा किशोरीहरुलाई सार्वजनिक निजी साझेदारी (PPP) अवधारणा अन्तर्गत रोजगारमुखी तालिम (फर्नीचर, मन्टेश्वरी, कुक, कफी मेकर, बेकर, वेटर, पेन्टर वा अन्य निजी क्षेत्रका मागबमोजिम) तथा प्रत्यक्ष रोजगारीको अवसर प्राप्त गर्न इच्छुक योग्य महिला तथा किशोरीहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**(क) आवश्यक योग्यता:**

- कटारी नगरपालिकाको स्थानीयवासी हिंसा प्रभावित, विपन्न तथा सीमान्तकृत महिलाहरु तथा किशोरीहरु ।
- उमेर १८ देखि ५२ वर्ष सम्म ।
- कम्तिमा सामान्य लेखपढ गर्न जान्ने ।
- मन्टेश्वरीमा इच्छुक उम्मेद्वारहरु कम्तिमा एस.एल.सी तथा एस.ई.ई उत्तीर्ण गरेको हुनुपर्ने छ ।
- रोजगारी तथा सीप विकास प्रशिक्षणमा पूर्ण रुपमा सहभागी हुन इच्छुक र प्रतिबद्धता भएको ।

**(ख) आवश्यक कागजात:**

- अनुसूची - १ बमोजिम आवेदन ।
- नागरिकताको प्रतिलिपि ।
- मन्टेश्वरीमा इच्छुक उम्मेद्वारहरु कम्तिमा एस.एल.सी तथा एस.ई.ई उतीर्ण गरेका प्रमाण पत्रका प्रतिलिपि ।
- स्थायी बसोवासभएको वडा कार्यालयको सिफारिस वा न्यायिक समितिको सचिवालय वा ओ.सि.एम.सी, सिपिएसडब्लु, सुरक्षा आवास वा इलाका प्रहरी कार्यालय, कटारीको सिफारिस पत्र ।

**(ग) सेवा सुविधा:**

- छनौट भएका सहभागीहरुलाई निःशुल्क प्रशिक्षण दिइने छ ।
- प्रशिक्षण पछि प्रत्यक्ष रोजगारी प्रदान गरिनेछ ।
- कार्यस्थलमा सुरक्षित वातावरणको प्रबन्ध गरिनेछ ।
- आवश्यकता अनुसार मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइने छ ।
- अन्य सेवा सुविधा परियोजनाले तोकेबमोजिम हुने छ ।

**(घ) आवेदन बुझाउने मिति:** २०८२/०९/१४ गते देखि २०८२/०९/३० गते सम्म ।

**(ङ) आवेदन बुझाउने स्थान:** रोजगार शाखा वा मनोपरामर्श शाखा, कटारी नगरपालिका

कटारी नगरपालिका भित्रका सबै इच्छुक हिंसा प्रभावित, विपन्न तथा सीमान्तकृत महिला तथा किशोरीहरुलाई यस अवसरको सदुपयोग गरी लाभ लिन नगरपालिका अनुरोध गर्दछ ।

राजन थापा
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूचीः १**

श्री कटारी नगरपालिका

कटारी, उदयपुर कोशी प्रदेश, नेपाल

विषयः सीप विकास तथा निजी क्षेत्रमा रोजगारीमा सहभागिता सम्वन्धमा ।

महोदय,

यस कटारी नगरपालिकाको मिति.................................. मा प्रकाशित "निजी क्षेत्रका विभिन्न कम्पनी, फर्म, कलकारखाना तथा उद्योगहरुमा रोजगारीको अवसर" कार्यक्रममा पूर्ण सहभागी हुने इच्छा र प्रतिबद्धता सहित यो निवेदन पेश गर्दछु । साथै यस कार्यक्रम मार्फत सीप सिकेर सम्वन्धित निजी क्षेत्रमा रोजगारी प्राप्त गर्ने अवसर प्रदान गरि दिनु हुन विनम्र अनुरोध गर्दछु ।

आवेदकको नामः

ठेगानाः

हस्ताक्षरः

सम्पर्क नं.:

संलग्न कागजातहरु

१.

२.

३.

४.